
# लेखापरीक्षण प्रतिवेदन

# नौकुण्ड गाउँपालिका, रसुवा

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# नौकुण्ड गाउँपालिका, रसुवा

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| *स्वतन्त्रता* | *(Independence)* |
| *निष्ठा* | *(Integrity)* |
| *पारदर्शिता* | *(Transparency)* |
| *जवाफदेहिता* | *(Accountability)* |
| *व्यावसायिकता* | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)<br>
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बागमती प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-६

च.न.:FAR/2080-81/LOC/53

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू,
नौकुण्ड गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
रसुवा।

**कैफियतसहितको राय**

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रू ७ करोड १० लाख २४ हजार, पर्यटन पूर्वाधार विकासको रू ३९ लाख ५२ हजार राष्ट्रपती महिला सशक्तिकरण परियोजना तर्फ ८ लाख ९० हजार समेत गरी रू ७ करोड ५८ लाख ६६ हजार समावेश गरेको छैन।

२. गाउँपालिकाको रू.९५ करोड ३९ लाख ७५ हजारको लेखापरीक्षणबाट रू.१ करोड २६ लाख ७६ हजार बेरुजू देखिएकोमा रू.४ लाख ६ हजारको प्रतिक्रियाबाट फस्योँट भई बाँकी बेरूजु रु.१ करोड २२ लाख ७१ हजार रहेको छ । सो मध्ये असुल गर्नुपर्ने रू.६ लाख ९३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ६६ लाख ४९ हजार, नियमित गर्नुपर्ने रू.४९ लाख २८ हजार रहेको छ। गत वर्षसम्म रू.१२ करोड ६७ लाख ५ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरूजू रू.१३ करोड ६६ लाख २३ हजार रहेको छ। बेरूजु वर्गीकरण, अद्यावधिक बेरूजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरू खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने चन्द्रागिरी नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ । लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, स्विकृत कार्यक्रममा लक्ष्य अनुसार प्रगति हासिल हुन नसकेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी यस गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेकोनेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( तारा प्रसाद पाण्डे )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५७ | १२८ | १,२६,७६,३८८ | ० | ३५ | ४,०५,७०६ | ० | ५७ | ९३ | १,२२,७०,६८२ | ६,९३,०८० | ४९,२८,२२७ | ६६,४९,३७५ | ० | ० | १,१५,७७,६०२ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| रसुवा | १२,६७,०५,००० | | २३,५२,६०५ | १२४३५२३९५ | | १,२२,७०,६८२ | १३६६२३०७७ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ५७ | बि.ओ.क्यु दरमा फरक पारी खरिद | १२,१०४ |
| २ | २०८०/८१ | ६८ | बढी भुक्तानी | २०,००० |
| ३ | २०८०/८१ | ४२ | फिल्ड भत्ता | २५,६०२ |
| ४ | २०८०/८१ | ५२ | दोहोरो भुक्तानी | ३,४८,००० |
| ५ | २०७९/८० | १६.६ | सशर्त चालु तर्फ | ९,९०० |
| ६ | २०७९/८० | ३६.२ | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम | १४,४५,८६४ |
| ७ | २०७९/८० | ३७.१ | पाच सैयाको स्वास्थ्य भवन | ५६,५०० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ८ | २०७९/८० | २९ | जिन्सी दाखिला | २,५४,१५६ |
| ९ | २०७८/७९ | १३९ | सभाहल निर्माण | १३,६६१ |
| १० | २०७८/७९ | १३३ | ढुङ्गाको परिणाम | ४,५०,१४६ |
| ११ | २०७७/७८ | ५४ | ढुङ्गा भर्ने रेट | १,२२,३७८ |
| जम्मा | | | | २७,५८,३११ |

# (८०३२८५०४३०० - नौकुण्ड गाउँपालिका, रसुवा )

# परिचय

१

**(क) कार्यालय परिचयः-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नौकुण्ड गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस गाउँपालिकाको उद्वेश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ६ वडा, ३२ सभा सदस्य, १२७ वर्ग किलोमिटर क्षेत्रफल तथा ११ हजार ८१४ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्यः-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्वेश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्वेश्य हो।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधिः-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।०५।३१ देखि २०८१।०६।०४ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधिः-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक विधिबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमाः-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदन मा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थितिः-** गाउँपालिकाको आय-व्ययतर्फ रू ९५ करोड ३९ लाख ७५ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदनको बिश्लेषणः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को नियम ७२ (२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा

राख्नु पर्ने व्यवस्था गरेको छ । गाउँपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । तर अनुसूची तथा खुलासा (Disclosure) हरू पूर्ण रूपमा लेखाकिंत र प्रस्तुतीकरण भएको छैन । यसमा सुधार हुनु पर्दछ । गाउँपालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नाअनुसार देखिएको छः

२.१ **वित्तीय विवरणको यथार्थताः** गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । गाउँपालिकाले सामाजिक सुरक्षा तर्फ रू ७१०२३७३७/- राष्ट्रपति महिला सशक्तिकरण परियोजना तर्फ रू ८९००००/- एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम तर्फ रू ३९५२१८३/- समेत रू ७५८६५९२०/- सुत्रमा लेखाङ्कन गरेको छैन।अनुसूची १४ मा अन्तरसरकारी अख्तियारीको व्यवस्था गरेता पनि रकम उल्लेख भएको देखिदैन र सो समावेश भएपनि म.ले.प. २७० को वित्तियविरणमा समावेश हुँदैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा गाउँपालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन ।

**स्थानीय संचित कोषः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम गाउँपालिकाले प्राप्त गरेको आय अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०८०/८१ को कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| आ/व/ : २०८०/८१ अवधी : २०८०/०४/०१ - २०८१/०३/३१ | | | | | |
|---|---|---|---|---|---|
| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | |
| क्र.स आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | गत आ.ब.को कारोबार | |
| | | नगद | जम्मा | नगद | जम्मा |
| | राजस्वअनुदान र अन्य प्राप्ति | | | | |
| ११००० | कर | ६८३२४४३२/१४ | ६८३२४४३२/१४ | ७३९५१७४५/४७ | ७३९५१७४५/४७ |
| १३००० | अनुदान | २६७७९४०२९/८६ | २६७७९४०२९/८६ | ३६८७६७५००/०० | ३६८७६७५००/०० |
| १४००० | अन्यराजस्व | ४०८११८०/३२ | ४०८११८०/३२ | ० | ० |
| १५००० | विविधप्राप्ति | ३२८५८३/०० | ३२८५८३/०० | ० | ० |
| क | **कुलजम्मा प्राप्ति** | ३४०५२८२२५/३२ | ३४०५२८२२५/३२ | ४४२७१९२४५/४७ | ४४२७१९२४५/४७ |
| ३ | चालु | २९७८४४२७५/८० | २९७८४४२७५/८० | २९९१७१२३३/४७ | २९९१७१२३३/४७ |
| २१००० | पारिश्रमिक / सुविधा | ३४९२६३४४/६६ | ३४९२६३४४/६६ | ११६५९०४०१/५४ | ११६५९०४०१/५४ |
| २२००० | मालसामानतथा सेवाको उपयोग | ८६९२७९४९/२७ | ८६९२७९४९/२७ | १२६०४८६२९/९५ | १२६०४८६२९/९५ |
| २५००० | सहायता (Subsidy) | १११५७५१३८/३६ | १११५७५१३८/३६ | ० | ० |
| २७००० | सामाजिकसुरक्षा | ३२०५०२०/०० | ३२०५०२०/०० | २५८५४४५/०० | २५८५४४५/०० |
| २८००० | अन्यखर्च | ६१२०९८२३/५१ | ६१२०९८२३/५१ | ५३९४६७५६/९८ | ५३९४६७५६/९८ |
| ४ | पूंजीगत | १२४१७३६२५/१९ | १२४१७३६२५/१९ | १२७३४७८०३/०० | १२७३४७८०३/०० |
| ३१११० | भवनतथा संरचना | ३६५६९१०४/५७ | ३६५६९१०४/५७ | २००९९३८८/०० | २००९९३८८/०० |
| ३११२० | सवारीसाधनमेशिनरी औजारफर्निचर्स तथा फिक्चर्स | २३११६८५/०० | २३११६८५/०० | १५४३५५५३/०० | १५४३५५५३/०० |
| ३११३० | अन्यपूँजीगत खर्च | ० | ० | १५८९९७/०० | १५८९९७/०० |
| ३११५० | सार्वजनिकनिर्माण | ८५०६०३३५/६२ | ८५०६०३३५/६२ | ९०२२२८६५/०० | ९०२२२८६५/०० |
| ३११६० | निर्मितसरचनाकोसुधार खर्च | २३२५००/०० | २३२५००/०० | ० | ० |
| ख) | **कुलजम्मा भुक्तानी** | ४२२०१७९००/९९ | ४२२०१७९००/९९ | ४२६५१९०३६/४७ | ४२६५१९०३६/४७ |
| ग) | **बचत /कमी (ग = क-ख )** | (८१४८९६७५/६७) | (८१४८९६७५/६७) | १६२००२०९/०० | १६२००२०९/०० |
| घ) | **धरौटीआकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)** | २७७२९६३/०६ | २७७२९६३/०६ | ४११२३३४/१३ | ४११२३३४/१३ |
| घ/१) | **कट्टीरकम भुक्तानी/दाखिला गर्न बाकी** | -९९३५/०० | -९९३५/०० | -८९२४/०० | -८९२४/०० |
| ङ) | **यसआ/ब/को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ)** | (७८७१६७१२/६१) | (७८७१६७१२/६१) | २०३१२५४३/१३ | २०३१२५४३/१३ |
| च) | **गतआ/व/को नगद तथा बैंक मौज्दात** | १३३८९३०५९/२२ | १३३८९३०५९/२२ | ११३५८०५१६/०९ | ११३५८०५१६/०९ |
| छ) | **विनिमयनाफा/घाटा तथा अन्य** | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | **समायोजन** | | | | |
| ज) | **आ/व/अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | ५५१७६३४६/६१ | ५५१७६३४६/६१ | १३३८९३०५९/२२ | १३३८९३०५९/२२ |

२.२ **फरक हिसाबः** यस गाउँपालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण गाउँपालिकाले सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गरेकोमा उक्त दुई विवरणमा यस वर्षको प्राप्ति भुक्तानी र बैङ्क मौज्दातमा निम्नानुसार फरक परेको छ । गाउँपालिकाको सम्पूर्ण आर्थिक कारोबारहरू म.ले.प.फा.नं. २७० मा समावेश गरी गाउँपालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति** | **यसवर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म/ले/प/फा/नं/२७०) | १३३८९३०५९/२२ | ३४०५२८२२५/३२ | ४२२०१७९००/९९ | ५५१७६३४६/६१ |
| एकीकृत आर्थिक विवरणअनुसार | १३३९०१९८३/२२ | ४३९११९२१२/०६ | ५१७८४६०७५/६७ | ५५१७५११९/६१ |
| फरक | (८९२४/-) | (९८५९०९८६/७४) | (९५८२८१७४/६८) | १२२७/- |

एकिकृत आय व्ययः गाउँपालिकाको आर्थिक वर्ष ०८०/८१ को समग्र आर्थिक कारोवार समेटीने गरी तयार गरेको एकिकृत वित्तीय विवरणको संक्षिप्त अवस्था यस प्रकार छ ।

**(विस्तृत विवरण बेरूजु दफा २.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.३ **बित्तिय विवरण यथार्थ नदेखिएकोः** म.ले.प.फा.नं. २७० को प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदनसँग सोही प्रतिवेदनको टिप्पणी र अनुसुचीमा भएका प्राप्ति हिसाव यथार्थ हुनु पर्दछ । टिप्पणी र अनुसुचीमा भएको प्राप्ति हिसाव र म.ले.प.फा.नं. २७० को वित्तीय प्रतिवेदन प्राप्ति निम्न शिर्षकको रकमसँग मिलान भएको देखिएन ।

| संकेत | शिर्षक | म.ले.प.फा.नं.२७० | टिप्पणी १.२(स्थानिय सरकारले उपयोग गर्ने राजस्व र अन्य प्राप्ति को विवरण) | अनुसूचि ३(प्राप्तिको संक्षिप्त विवरण) |
|---|---|---|---|---|
| ११००० | कर | ६८३२४४३२/१४ | १४१०३८५४१/६० | ६८३१५५०८/१४ |
| १४००० | अन्य राजस्व | ४०८११८०/३२ | ४०८११८०/३२ | ४०६३१७९/८२ |

टिप्पणी र अनुसुचीमा पनि एउटै शिर्षकमा फरक परक रकम हुनु हुँदैन र टिप्पणी र अनुसुचीको रकम म.ले.प.फा.नं. २७० सँग मेल नखादा प्राप्ति.भूक्तानी र मौज्दात रकम यथार्थ हो भन्ने आधारमा स्पष्ट हुन सकिएन । फरक फरक ठाउँमा फरक फरक प्राप्ति हुँदा संचित कोषमा मौज्दात पनि फरक पर्न जान्छ यसबाट गाउँपालिकाको समग्र आम्दानी र खर्चमा समेत यकिन हुने आधार देखिएन ।

२.४ **मौज्दात फरकः** गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार धरौटी तथा अन्य कोष समेत सञ्चित कोषको मौज्दात रू.१३६८८९०५८/५ मौज्दात रहेकोमा गाउँपालिकाको म.ले.प.फा.२७० मा रू. १३३८९३०५९/२२ मात्र जिम्मेवारी अ.ल्या. देखिएको छ । गाउँपालिकाले म्यानुअल रूपमा एकीकृत आ.वि. तयार गरी लेखापरीक्षणको लागि पेश गरेकोमा गत वर्षको जिम्मेवारी रू १३३९०१९८३/२२ देखाएको कारण समग्रमा गतवर्षको लेखापरीक्षण प्रतिवेदनमा भन्दा रू.९८७०७५/२८ बढि जिम्मेवारी सारेको सम्वन्धमा हिसाब समायोजन गरी हिसाव मिलान गरेको देखिएन । लेखापरीक्षणमा पेश गरेको एकीकृत आर्थिक विवरण अनुसार सुत्रमासमेत समायोजन गरी हिसाव अद्यावधिक गर्नुपर्दछ।

२.५ **कोषः** गाउँपालिकाले विगत वर्षहरूदेखि नै दलित सहायता कोष, अपाङ्गता पुनस्थापना कोष र महिला बालबालिका तथा जेष्ठ नागरिक कोषमा १०।१० लाखले ३० लाख जिम्मेवारी सारेको देखिएता पनि उक्त कोषको रकम म.ले.प. फा. नं २७० ले समेटेको देखिदैन ।